# छिपहरमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### भिस्वा, पर्सा, प्रदेश नं. २ , नेपाल

## बोलपत्र आव्हान सम्बन्धी सुचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७६/१०/१६**

यस कार्यालयबाट चालु आ.ब २०७६।०७७ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित आयोजनाहरुको बोलपत्र/दरभाउपत्र द्वारा गर्नु पर्ने भएकोले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम ईजाजतपत्र प्राप्त ईच्छुक उधोग व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्ववको बोलपत्र आव्हान गरिएको छ ।

१. अध्यावधिक नविकरण गरेको इजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, भू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७५।०७६ सम्मको आय चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी ( पछि फिर्ता नहुने) यो सुचना प्रकाशित भएको मितीले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट इच्छुक बोलपत्र दाताले बोलपत्र सम्वन्धित कागजात खरिद गर्न सकिनेछ साथै बोलपत्र पेश गर्न चाहिने बोलपत्र दाता तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरेको भाउचरलाई बोलपत्र कागजात पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्र दाताले प्रत्येक पानामा सहि छाप गरि सिलबन्दी गरी खाम बाहिर फारमको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितीले ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा Hard copy दर्ता गर्न सकिनेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरेको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४. दर्ता भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएका मितीले ३१ औं दिन दिनको १४:०० बजे कार्यालकका प्रतिनिधि तथा बोलपत्र दाताको रोहबरमा खोलिनेछ । बोलपत्र दाताको अनुपस्थिति भएमा पनि खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन विदा पर्न गएमा सोको भोली पल्ट वा कार्यालय खुलेको पहिलो दिनको सहि समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

६. सिलबन्दी बोलपत्र फारम साथ जमान्त वापत तोकिएको रकम कार्यालयको एन.आइ.सी. एसिया बैंक, भिस्वा स्थित धरौती खाता नं. L6CA000187452404 मा जम्मा गरि सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्न अन्तिम मितीबाट कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।

७. बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिनेछ ।

८. संयुक्त उपकमको मध्यबाट काम गर्न ईच्छुक बोलपत्र दाताले संयुक्त उपकम सम्वन्धित सम्फौताको सक्कल बोलपत्र कागजात साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

९. छिपहरमाई गा.पा. को हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ । बोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्वन्धमा राम्रो संग बुझि दररेट भरेको मानिनेछ ।

११. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघि आएको बोलपत्र उपर कुनै करवाहि हुने छैन ।

१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ । बोलपत्र सम्वन्धित थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिनेछ ।

**बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | ल.ई रकम (भैट र कन्टेनजैसी) सहित | धरकौटी रकम | बोलपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १ | २७।०७६।०७७ | चापाकल जडान, पर्सा जिल्ला ४ नं. निर्वाचन क्षेत्र भरि | ५९,७७,७२९।८४ | १,५०,०००।०० | ३,०००।०० | |
| २ | २८।०७६।०७७ | निर्धन र दलित भवन निर्माण, छिपहरमाई गा.पा. भरि | ८३,७४,१०४।४६ | २,१०,०००।०० | ३,०००।०० | |

**प्रमूख प्रशासकिय अधिकृत**